**शान्ति तथा पुनर्निर्माण मन्त्री श्री रामकुमार श्रेष्ठज्यूको अध्यक्षतामा मिति २०७० साल बैसाख २२ गतेका दिन बसेको मन्त्रालयस्तरीय बिकास समस्या समाधान समितिको बैठकको निर्णय ।**

**निर्णय नं १ :**

यस मन्त्रालय अर्न्तगतका विभिन्न कार्यक्रम तथा आयोजना संचालन गर्ने देहाय अनुसारका कार्यान्वयन निकायहरुको चालु आ.व. २०६९/०७०को हाल सम्ममा भएका प्रगति विवरण प्रस्तुत गरियो ।

**क) शान्ति तथा पुननिर्माण मन्त्रालयतर्फ**

- रेडियो नेपाल, नेपाल टेलिभिजन र स्थानीय स्तरका एफ.एम. रेडियोहरुबाट शान्ति सम्बन्धी कार्यक्रमहरु प्रशारण भएको,
- यस आ.व.मा ९ वटा समूह गरी हालसम्म जम्मा ५५ वटा विभिन्न समूहहरुसँग वार्ता गरी १५१ थान हतियार नेपाल सरकारलाई बुझाइएको,
- सिंहदरबार पुनर्निर्माण परियोजना मार्फत् मन्त्रालयको भवनमा तला थप्ने कार्य भैरहेको,
- बेपत्ता भएका ब्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग गठन सम्बन्धी अध्यादेश सम्मानननीय राष्ट्रपतिज्यू समक्ष पेश भई स्वीकृत भएकोमा सम्मानीत सर्वोच्च अदालतमा रिट निवेदन परी अन्तरिम आदेश जारी भएकोले कार्यान्वयनको चरणमा जान नसकिएको,
- नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी द्वन्द्व ब्यवस्थापनको क्रमलाई ब्यवस्थित गर्न अन्तर्राष्ट्रिय स्तरमा अपनाइएका प्रविधिहरुको अध्ययन अवलोकन गरी विद्यमान द्वन्द्व ब्यवस्थापनका क्रियाकलापहरुलाई दीगो स्वरुप दिन क्षमता विकास कार्यक्रम अन्तर्गत सचिव एवं सहसचिवको नेतृत्वमा तीन चरणमा ४८ जना कर्मचारीहरुलाई थाइल्याण्ड, कम्बोडिया र लाओसको भ्रमण गराई द्वन्द्व ब्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यमा सहभागी गराइएको ।

**ख). स्थानीय शान्ति समितितर्फ**

- ७५ जिल्ला, ३१ नगरपालिका र २२०० गा.वि.स.मा स्थानीय शान्ति समिति गठन भै क्रियाशील अवस्थामा रहेकोमा क्रमशः ती संस्थालाई ५ लाख ५० हजार र २० हजार रकम कार्यक्रम संचालन गर्न पठाइएको,
- प्रथम पटक यस आ.व.देखि न.पा.स्तर र गा.वि.स.स्तरका स्थानीय शान्ति समितिहरुलाई बजेट पठाउने कार्यको शुरुवात गरिएको,
- बार्षिक बजेटः रु. १४ करोड ४४ लाख ३५ हजार
- हालसम्मको खर्चः रु. ९ करोड ५० लाख (हालसम्मको निकासा)
- वित्तीय प्रगतिः ६६ प्रतिशत

**समस्या/सुझावः**

- स्थानीय शान्ति समितिका सचिवहरु करारमा नियुक्त हुने हुँदा कार्यक्षमताको आधारमा उनीहरुको सेवालाई निरन्तरता दिँदै जानुपर्ने अवस्था रहेको छ ।
- स्थानीय शान्ति समितिको बैठकमा पदाधिकारीहरुलाई बैठकभत्ता नभएको कारण सदस्यहरुको उपस्थिति पातलो हुने गरेकोले सदस्यहरुको उपस्थितिलाई प्रभावकारी बनाउन जिल्ला स्तरीय शान्ति समितिका पदाधिकारीहरुलाई बैठकभत्ता दिने ब्यवस्था गर्नुपर्ने ।

This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com

- यस कार्यको निम्ति आगामी बर्षको बजेटमा करिब रु. १ करोड ३० लाखको व्यवस्था हुनुपर्ने ।

**ग). शान्ति कोषतर्फ**

- शान्ति कोषतर्फका जम्मा आयोजना संख्याः ५६
- हाल चालु अवस्थाका आयोजना संख्याः २८,
- सम्पन्न आयोजना संख्याः २८
- हालसम्मको जम्मा बिनियोजित रकमः रु. १४ अरब ४७ करोड ६२ लाख ७३ हजार
- निकासा रकमः रु. १२ अरब ९९ करोड १५ लाख ६३ हजार
- खर्च रकमः रु. ९ अरब ५७ करोड ९१ लाख २२ हजार

**समस्या/सुझावः**

- लाभान्वित जनसमुदायमा आयोजनाप्रतिको अपनत्व जगाउन आयोजना प्रस्ताव तयार गर्दा नै लाभान्वित हुने जनसमुदायसँग छलफल गरी प्रस्ताव तयार गर्ने परिपाटी विकास गर्नुपर्ने अनुगमन एवं मूल्यांकन प्रणालीको प्रभावकारितामा अभिवृद्धि गर्नुपर्ने,
- अपेक्षित समयमा कार्यक्रम कार्यान्वयन हुन नसक्नु र निर्धारित समयमा प्रगति प्राप्त हुन नसक्ने जस्ता समस्या देखिएकोले पहिले नै एकमूष्ठ रकम निकासा दिनुको सट्टा कार्यक्रम कार्यान्वयनको आधारमा किस्ताबन्दी रुपमा रकम निकासा गर्ने परिपाटी विकास गर्नुपर्ने,

**घ). द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनातर्फ**

- पुनर्निर्माण तथा निर्माण गर्न माग भएका आयोजना संख्याः ८९१६
- हालसम्म सम्पन्न भएका आयोजना संख्याः २८९७
- सम्पन्न योजनामा बजेट खर्चः रु. ६ अरब ३० करोड
- बाँकी आयोजना सम्पन्न गर्न लाग्ने बजेटः करिब रु. २० अरब
- हाल संचालनमा रहेका आयोजना संख्याः १७७५
- चालु आ.व.मा दोश्रो चौमासिक सम्ममा सम्पन्न आयोजना संख्या : ३१
- चालु बर्षको बजेटः रु. १ अरब १ करोड ३२ लाख १८ हजार
- चालु वर्षको खर्चः रु. १६ करोड २६ लाख ८६ हजार
- वित्तीय प्रगतिः १६ प्रतिशत

**समस्या/सुझावः**

- प्रत्येक बर्ष पुनर्निर्माणको माग अत्यधिक रुपमा बढ्दै गएकोले क्षति भएका पूर्वाधारहरुको लगत संकलन गर्ने कार्यको एउटा निश्चित समय तोकी त्यसपछि लगत संकलन कार्य बन्द गर्नुपर्ने अवस्था रहेको,
- पुनर्निर्माणको लागि न्यून बजेट विनियोजन हुने गरेकोले त्रिर्षीय योजनाको लक्ष्य अनुसार पुनर्निर्माण कार्य सम्पन्न गर्न तदनुरुप नै बजेट पनि विनियोजन हुनुपर्ने अवस्था रहेको,
- काम सम्पन्न भएका आयोजनाहरुको लागि भुक्तानी दिन बाँकी रहेको रकम मध्ये पुनर्निर्माणतर्फ करिब रु. १९ करोड र शान्तिको लागि विकास कार्यक्रमतर्फ रु. ११ करोड गरी जम्मा रु. ३० करोड थप बजेट तत्काल

This document was created using Smart PDF Creator. To remove this message purchase the product at www.SmartPDFCreator.com

आवश्यक भएकोले चालु बजेट रकमबाट पुँजिगत बजेट रकममा रु. ३० करोड रकमान्तर हुनुपर्ने अवस्था रहेको,

- शान्तिको लागि विकास कार्यक्रम र द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रम ०६९ फागुनमा मात्र रा.यो.आ.बाट कार्यक्रम स्वीकृत भएको हुँदा दोश्रो चौमासिक अवधिमा अपेक्षित मात्रामा काम अगाडि बढाउन नसकिएको ।

**ङ). शान्ति प्रक्रिया सहयोग आयोजनातर्फ**

- रोजगार/स्वरोजगार कार्यक्रम अन्तर्गत गत आ.व.मा १२ जिल्लाका ३०३० जना द्वन्द्वपीडित व्यक्तिहरुलाई सीपमूलक तालिम तथा सेवा उपलब्ध गराइएको,
- चालु आ.व. मा ४२ जिल्लाका ११७४० जनालाई उक्त तालिम तथा सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालनमा रहेको ।
- मनोसामाजिक परामर्श सेवा संचालनका लागि तयार भएको निर्देशिका स्वीकृतार्थ मन्त्रिपरिषद्मा पठाइएकोले स्वीकृति पश्चात् सञ्चालनमा ल्याइने अवस्था रहेको ।

**च. राहत तथा आर्थिक सहयोगतर्फ हालसम्मको प्रगतिः**

- बेपत्ता परिवारः १५१७ जनाले राहत पाएका,
- मृतकका परिवारः १४१०७ जनाले राहत पाएका,
- एकल महिला, टुहुरा, बालबालिका, अंगभंग भएका, अपाङ्ग, अपहरणमा परेका लगायत द्वन्द्व पीडितहरुलाई निर्देशिका अनुसार राहत उपलब्ध गराउने गरिएको ।
- चालु बर्षको बिनियोजित बजेटः रु. ४८ करोड २३ लाख ५० हजार
- चालु बर्षमा हालसम्मको खर्चः रु. ३१ करोड ५० लाख ८९ हजार
- बित्तीय प्रगतिः ६५.३२ प्रतिशत
- सबै किसिमको राहत वापत शुरुदेखि हालसम्म वितरण भएको खर्चः रु. ५ अरब २४ करोड ६८ लाख ५४ हजार

**समस्या/सुझावः**

- द्वन्द्वपीडितहरुको लगत संकलनको कार्यलाई निश्चित समयावधि तोकेर लगत संकलन कार्य बन्द गरिनुपर्ने अवस्था रहेको,
- कार्यदलको प्रतिवेदन अद्यावधिक बनाइनुपर्ने अवस्था रहेको,
- नेपाल सरकार (म.पं.) को मिति ०६९।११।४ को निर्णयानुसार मृतकका हकदारलाई थप रु. २/२ लाख उपलब्ध गराई रु. ५ लाख पुर्‍याउन थप रु. २ अरब ७० करोड बजेट आवश्यक पर्ने भएकोले व्यवस्था हुनुपर्ने अवस्था रहेको,
- विभिन्न मितिमा गठन भएका कार्यदलको प्रतिवेदनमा अपांगताको प्रतिशत फरक/फरक भएको कारणले कार्यान्वयनमा कठिनाई भोग्नु परेकोले एकरुपता कायम गर्नुपर्ने अवस्था रहेको ।

## निर्णय नं २ :

देहायका समस्या समाधानका लागि राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) मा सिफारिस गरि पठाउने निर्णयगरियो ।

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

- स्थानीय शान्ति समितिको बैठकमा पदाधिकारीहरुलाई बैठकभत्ता नभएको कारण सदस्यहरुको उपस्थिति न्युन हुन गै शान्ति समितिका कामकारवाहिहरु प्रभावित हुने गरेकोले सदस्यहरुको उपस्थितिलाई प्रभावकारी बनाउन जिल्ला स्तरीय शान्ति समितिका पदाधिकारीहरुलाई प्रचलित नियम वमोजिम बैठकभत्ता दिने व्यवस्था गर्नु पर्ने देखिन्छ । यसका लागि एक आर्थिक वर्षमा करिव १ करोड ३० लाखको व्ययभार पर्ने हुदा आगामी आ.व. देखि कार्यक्रम तथा वजेट मा समावेश गर्नका नीतिगत निर्णय हुन सिफारिस गर्ने ।
- द्वन्द्ध प्रभावित व्यक्तिको लगत एकिन गर्न तथा सशस्त्र द्वन्द्वको समयमा क्षति ग्रस्त संरचनाकाहरुको पुनर्निर्माणको माग अत्यधिक रुपमा बढ्दै गएकोले क्षति भएका पूर्वाधारहरुको लगत संकलन गर्ने कार्यको लागि एउटा निश्चित समयसीमा तोकी त्यसपछि लगत संकलन कार्य बन्द गर्नु उपयुक्त देखिएकाले Data collection का लगि Cut off date तोकी संख्या किटानी लगायतका कामका लागि देहाय वमोजिमको एउटा उच्च स्तरीय समिति वनाउनु सिफारिस गर्ने ।

| | |
|---|---|
| सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | संयोजक |
| महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग | सदस्य |
| महानिर्देशक, स्थानीय पुर्वाधार विकास तथा कृषि सडक विभाग | सदस्य |
| महाशाखा प्रमुख, पुर्वाधार पुनर्मिाण महाशाखा, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | सदस्य |
| परियोजना प्रमुख, द्वन्द्वोतर पुनर्निर्माण परियोजना, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | सदस्य |
| विभागीय प्रमुख, राहत तथा पुनस्थापन ईकाई, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | सदस्य |
| उप सचिव, राहत तथा पुनस्थापन महाशाखा, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | सदस्य सचिव |

**निर्णय नं ३ :**
काम सम्पन्न भएका आयोजनाहरुको लागि भुक्तानी दिन बाँकी रहेको रकम मध्ये पुनर्निर्माणतर्फ करिब रु. १९ करोड र शान्तिको लागि विकास कार्यक्रमतर्फ रु. ११ करोड गरी जम्मा रु. ३० करोड थप बजेट तत्काल आवश्यक भएकोले मन्त्रालयकै स्वीकृत विनियोजन मध्येबाट वचत हुने चालु बजेट रकमबाट पुँजिगत बजेट रकममा रु. ३० करोड रकमान्तर हुनुपर्ने अवस्था रहेकोले सो का लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं ४ :**
चालु आ.व. २०६९/०७०को हाल सम्म कार्यान्वयका क्रममा देखिएका उल्लिखित समस्याहरु मन्त्रालयस्तरबाट समस्याहरु समाधान गरि यस आ.व.का लागि तोकिएका लक्ष्य हासिल गर्न मन्त्रालय तथा तोकिएका कार्यान्वयन निकायहरुले तदारुकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

(दस्तखत .............)
(रामकुमार श्रेष्ठ)
मन्त्री

This document was created using Smart PDF creator
To remove this message purchase the product at www.SmartPDFCreator.com